# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कुश्मा, पर्वत ।

गण्डकी प्रदेश, नेपाल

## व्यवसाय कर छुट सम्बन्धी सूचना !

मिति : २०८३/४/११

उपर्युक्त सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (घ) बमोजिम लगाइएको व्यवसाय करमा यस नगरपालिकाको आर्थिक ऐन २०८३ बमोजिम चालु आ.व. मा नगरपालिका क्षेत्रभित्र विगत लामो समयदेखि दर्ता भई वा नभई पेशा व्यवसाय सञ्चालनमा आएका तर करको दायरामा नआएका व्यवसायहरुलाई करको दायरामा ल्याउनका लागि पौष मसान्त सम्म अन्तिम ३ आर्थिक वर्षको कर लिई पेशा व्यवसायको दर्ता प्रमाणपत्र जारी एवं नविकरण गरिनेछ पौष मसान्त पश्चात कर निर्धारण गर्दा आ.व. २०७४/७५ बाट कर निर्धारण गरी असुल उपर गरिनेछ । अन्यथा कुनै पनि किसिमको कर तथा शुल्कमा छुट दिईने छैन भन्ने व्यवस्था भएकाले सम्बन्धित सम्पूर्ण व्यवसायीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८३/४/११

किरण पौडेल
प्रमुख प्रशासकीय अधिकृत